# माङसेबुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## इभाङ, इलाम

पत्र संख्याः २०८१/८२
च. नं.

कोशी प्रदेश, नेपाल
मितिः२०८१।०८।०१३

**बिषय : साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापनार्थ माग संकलन गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा चालू आर्थिक बर्षमा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सशर्त अनुदान चालू अन्तर्गत माङसेबुङ गाउँपालिकाको लागि साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्नेका लागि रु.५ लाख विनियोजन भएकोले माङसेबुङ गाउँपालिकाको साझा सुविधा केन्द्र उद्यम घर व्यवस्थापन तथा स्थापना कार्यविधि, २०७८ तथा सो सम्बन्धी माङसेबुङ गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति : २०८१/०८/११ गते को निर्णयको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध) दिनभित्र कार्यविधिको अनुसूची १ को ढाँचामा यस कार्यलयमा माग पेश गर्न हुन यस माङसेबुङ गाउँपालिका सम्पुर्ण वडा कार्यलयहरु तथा लघु उद्यमीलाई सूचित गरिन्छ ।

अनुसूची १ अनुसार माग गरेको निवेदनका साथमा यस माङसेबुङ गाउँपालिकाका सम्पुर्ण वडा कार्यलयहरु तथा लघु उद्यमीहरुले साझा सुविधा केन्द्र माग गर्ने भनी गरेको बैठकको निर्णय समेत समावेश गर्नुपर्नेछ ।

**देहायको आधारमा वडा तथा उद्यमी छनौट गरिनेछ ।**

(क) विगतको मेड्पा कार्यक्रम, नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मेड्पा कार्यक्रम र स्थानीय तहको आर्थिक तथा प्रविधिक सहयोगमा कार्यक्रम लागु भएको वडाहरुमा र उद्यमी सृजना भएका उद्यमीहरु ।

(ख) त्यसरी सृजना भएका उद्यमीहरुमध्य आर्थिक अवस्था निकै कमजोर भएका,वित्तिय सेवामा पहुँच नभएका तर उद्यम व्यवस्थित तरीकाले गर्न ईच्छुक,आफनो निवास स्थानमा पर्याप्त उद्यम स्थापना गर्ने स्थान उपलब्ध नभएका र उपयुक्त प्रविधिको प्रयोग गर्न नसक्नुनको कारणले कच्चा पदार्थको प्रशोधन वस्तुको उत्पादन कच्चा पदार्त तथा उत्पादित वस्तुको भण्डारण बिक्री वितरणका लागि असुविधा भएको सामुहिक रुपमा उद्यम सञ्चालन गर्न उद्यमीहरु ।

(ग) समान प्रकृतिको व्यवसाय भएको साझा सुविधा केन्द्र निर्माण गर्न र यसको दिगोपनको लागि यस कार्यविधिको दफा १२ मा तोके अनुसारको रकम योगदान गरी मर्मत सम्भार कोष स्थापना गर्न उद्यमीहरु ।

(घ) उद्यम घरमा सामुहिक तरीकाले उद्यम व्यवसाय सञ्चालन गर्न एउटै भूगोल वा क्षेत्रको र एउटै प्रकृतिको उद्यम भएको ३ देखि १० जना ईच्छुक उद्यमीहरु ।

(ङ) सकभर उद्यम व्यवसाय दर्ता गरिसकेका उद्यमीहरु, यदि उद्यम दर्ता नभएका भए उद्यम दर्ता गर्न उद्यमीहरु ।

(च) साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम व्यवसाय गर्न ईच्छुक धेरै जना उद्यमीहरु भएमा पहिलो प्रथामितामा एकल महिला,दलित र जनजाति उद्यमीहरु ।

**थप जानकारीको लागि माङसेबुङ गाउँपालिकाका (उद्यम विकास शाखा) ।**

**दिपेन्द्र बहादुर शाही ( उद्यम विकास सहजकर्ता ) मो : ९८४८९५२३६२**

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायीक र सिर्जनशील प्रशासनःविकास, समृद्धि र सुशासन"
Email: mangsebung.ruralmun@gmail.com
Website: mansebungmun.gov.np

मिति : .................. गते

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
माङसेबुङ गाउँपालिकाका
गाउँ कार्यपालिकाको कार्यलय
इभाङ , इलाम

विषय : साझा सुविधा केन्द्र माग गरीएको सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा माङसेबुङ गाउँपालिकाका वडा नं.... मा रहेका १० जना लघु उद्यमीहरुको उत्पादन गरेको बस्तु विक्री तथा स्तरोन्नती गर्नको लागि साझा सुविधा केन्द्रको अत्यन्त आवश्यकता रहेको कारण मिति : ..... गते वसेको वडा कार्यलय तथा लघु उद्यमीहरुको वैठकको निर्णय वमोजिम............. उत्पादन लघु उद्यम साझा सुविधा केन्द्रको माग गरीएको व्यहोरा जानकारीको लागि विनम्र अनुरोध गर्दछु ।

..............................
अध्यक्ष
संचालक समिति
.......................उत्पादन लघु उद्यम साझा सुविधा केन्द्र
माङसेबुङ गाउँपालिकाका

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८१।०८।१३

अनुसूची - १
(दफा ३ सँग सम्बन्धित )

**साझा सुविधा केन्द्र उद्यम घर को माग निवेदन**

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इभाङ, इलाम

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
इभाङ , इलाम

विषय : साझा सुविधा केन्द्र उद्यम घर निर्माणको लागि निवेदन पेश गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा माङसेबुङ गाउँपालिका वडा नं..... को ....स्थायील बसोबास भएको ......उद्यम व्यवसायसँग सम्बन्धित हामी तपशिलका उद्यमीहरुको उद्यम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आफनो निजी जग्गाको अभावमा कठिनाई भएको र साझा सुविधा केन्द्र उद्यम घर निर्माण गरी त्यसमा उद्यम व्यवसाय सञ्चालन गर्न सके हाम्रो उद्यम व्यवसाय प्रभावकारी रुपमा सञ्चालन हुन सक्ने हुँदा साझा सुविधा केन्द्र उद्यम घर निर्माणको लागि निवेदन पेश गरिएको छ । साथै आवश्यक कागजातहरु यसै पत्र साथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

तपशिल :

| क.स | उद्यमीहरुको नाम | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १. श्री | ...................... | .......................... | .................. |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत